जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १९५ २०७६ साल फागुन २१ गते बुधबार (4 Mar. 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सन्दर्भ मलेठ घटना : मानवताको खिल्ली ... ३ पृष्ठमा : मोह बढ्दै छ कैदीबन्दीको ३ पृष्ठमा : कोरोना भाइरसको ...

## हात्ति आतंक चरम उत्कर्षमा
# जंगली हात्तिले चार दिनमा दुई महिलाको ज्यान लियो



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

कोशी बन्यजन्तु आरक्ष क्षेत्रबाट आएका जंगली हात्तिले सप्तरीमा चार दिनमा दुई महिलाको ज्यान लिएको छ ।

दुई दिनअघि घर नजिकैको जंगलमा गाईबस्तु चराउन घरबाट निस्केकी सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका १ भवानीपुरकी ५५ वर्षिया मजादेवी सरदारको मृत शरीर मंगलबार बिहान फेला परेको छ ।

आइतबार गाई, बस्तु चराउन निस्केकी उनी अबेर रातीसम्म घर नफर्केपछि आफन्तले प्रहरीलाई खबर गरेका थिए । खोजतलासकै क्रममा घर नजिकैको जंगलमा मंगलबार बिहान १० बजेतिर उनको मृत शरीर फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तिलक भारतीले जंगली हात्तिको आक्रमणबाट सरदारको मृत्यु भएको अनुसन्धानको क्रममा खुलेको जानकारी दिएका छन् ।

यस्तै शनिबारका दिन जंगली हात्तिकै आक्रमणबाट सप्तरीको कंचनरुप नगरपालिका ५ निवासी ४१ वर्षिया चन्द्रिकादेवी मुखियाको मृत्यु भएको थियो ।

यसैबीच सप्तरीको रुपनी गाउँपालिकास्थित बस्तिमा जंगली हात्तीले घरमा तोडफोड गर्दा लाखौंको क्षति गरेको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट आइतबार मध्यरातमा आएको दुईवटा हात्तीको समुहले रुपनी गाउँपालिका वडा नम्बर ६ निवासी मकर बहादुर तामाङको घर तोडफोड गरि क्षति गरेको प्रहरीले जनाएको छ ।

जंगली हात्तीले घर तोडफोड गर्नुको साथै तामाङ सुतेका खाट कुल्चिएर पुर्ण रुपले क्षति गरेको छ । हात्तीले घरसहित चामाल, लत्ताकपडा, भाँडाकुँडा, मकै लगायतका खाद्यान्न खाएर र कुल्चेर नष्ट गरेको पीडित परिवारले जनाएको छ ।

स्थानिय फुलमाया तामाङका अनुसार खानेकुरा समेत हात्तीले खाएपछि छाक टार्न आफुलाई कठिनाई भइरहेको दुखोसो पोखीन् ।

सोही हात्तीले डिक बहादुर यसमाली मगरको भान्सा घर भत्काएका छन् भने स्थानीय खड्ग

*बाँकी अन्तिम पृष्ठमा*

# डिजे बजाउने विषयमा झडप, मोटरसाइकल जलाइयो, कुटपिटमा स्थानीय एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ८ स्थित तोपा बजारमा सोमाबारराती बिवाहको लागि जादै गरेका जन्तिसँग डिजे बजाउने विषयमा दुई पक्षबिच झडप भएको छ । सो झडपका क्रममा एउटा मोटरसाइकल जलाइएको छ भने एक जना घाइते भएका छन् ।

सप्तरीको शम्भुनाथबाट हनुमाननगर कंकालिनी नगरपालिका १० इनर्वामा जन्ती जादै गरेका सिरहाको लहान नगरपालिका २४ बस्ने अमित राय राजपुतको स.१०प. ५५१६ नम्बरको मोटरसाईकल जलाइएको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ ।

यस्तै सोही झडपका क्रममा जन्ती पक्षले कुटपिट गर्दा तिलाठी कोइलाडी गाउँपालिका ८ तोपा निवासी विरेन्द्र मण्डल गम्भीर भएको प्रहरीले जनाएको छ ।

घाइते मण्डललाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको प्रहरीले जनाइएको छ ।

यता घटना सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच कुटपिटमा घाइते भएका बिरेन्द्र मण्डललाई हेर्न राजविराज आउने क्रममा मोटरसाइकल दुर्घटना हुँदा संजित मंडल र इन्द्रजीत मण्डल घाइते भएका छन् ।

उनीहरु दुवै जनाको राजविराजस्थित गजेन्द्र नारायण सिँह अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# गाउँपालिकाको तालाबन्दी खोलाउन सम्बन्धीत पक्षहरुसँग अनुरोध

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

राजपा नेपालका सप्तरीका उपाध्यक्ष निरज मुक्तिले उपभोक्ता समितिले निकाशा नपाएको भन्दै सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाको लेखा शाखा तथा फागुन ११ देखि सम्पुर्ण कार्यालयमा गरिएको तालावन्दीका कारण गाउँपालिका कार्यालय ठप्प रहेको बताएका छन् ।

उपाध्यक्ष मुक्तिद्वारा मंगलबार जारि प्रेस विज्ञप्तिमा तालावन्दीका कारण गाउँपालिका कार्यालयवाट प्रवाह हुने दैनिक काम काजहरु प्रभावित भइरहेको अवस्थामा गाउँपालिका कार्यालय, जिम्मेवार जनप्रतिनिधि, स्थानिय प्रशासन लगायतका सम्बन्धीत पक्षहरु तालावन्दी खोलाउने तर्फ अझै पहल गर्न नसकेको उल्लेख गरेका छन् ।

गाउँपालिकाका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुले तालाबन्दी खोलउनेतर्फ चासो देखाई समस्या समाधान प्रति ध्यानाकर्षणका लागि अनुरोध समेत विज्ञप्तिमार्फत गरेका छन् ।

जारि विज्ञप्तिमा कार्य सम्पादनको सन्दर्भमा देखिएका समस्या र चुनौतीहरुको निदानका निम्ती आपसी सहकार्य र समन्वयको खाँचो देखिएको परिवेशमा सम्बद्ध पक्षहरु एक अर्का माथि दोषारोपण गर्दै हिड्नु उपयुक्त नभएको जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "कार्यालयमा रहेको तालावन्दी खोलाउनका निम्ती पहल गर्न तिलाठी कोईलाडी गाउँपालिकाका जननिर्वाचित प्रतिनिधि, जिम्मेवार कर्मचारी वर्ग, जिल्ला प्रशासन कार्यालय सप्तरी, जिल्ला समन्वय समिति लगायत सम्बन्धीत सम्पुर्ण पक्षहरुलाई गम्भीरताका साथ तदारुकता देखाउन यसै प्रेस विज्ञप्ती मार्फत हार्दिक अनुरोध गर्दछौ ।"

# सातै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण हुने : मन्त्री विश्वकर्मा




**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

यूवा तथा खेलकुद मन्त्री जगत बहादुर विश्वकर्माले वर्तमान सरकारले सातै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गर्न लागिपरेको बताएका छन् ।

राजविराजमा आयोजित स्व. लोकेन्द्र श्रेष्ठ स्मृति ७ औं राष्ट्रियव्यापी जुडो प्रतियोगिताको

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

# निर्वाचनमार्फत स्थायी राजधानीको टुङ्गो लगाउने तयारी

धनुषा, २० फागुन (रासस)।

प्रदेश नं २ को नामकरण र स्थायी राजधानीबारे सहमति जुटाउन नसकेपछि प्रदेशसभामा निर्वाचनमार्फत राजधानी र नामको टुङ्गो लगाउने तयारी भएको छ। प्रदेशसभा सचिवालयले मतदानमार्फत प्रदेश नं २ को नाम र स्थायी राजधानी टुङ्गो लाग्ने भएको जनाएको हो।

प्रदेशसभा सचिवालयका अनुसार नाम र राजधानीको टुङ्गो लगाउन यही फागुन २३ गते मतदान हुनेछ। फागुन २२ गते बस्ने प्रदेशसभा बैठकमा नामकरण र स्थायी राजधानीबारे टुङ्गो लगाउने प्रक्रियाबारे सदनलाई जानकारी गराएपछि अर्को दिन मतदान गर्ने तयारी भएको हो। सभामुख सरोजकुमार यादवले करिब तीन महिनादेखि अवरुद्ध प्रदेशसभा बैठक यही फागुन २२ मा बोलाइएको बताउनुभयो। उहाँले फागुन २२ गते दिउँसो १ बजे प्रदेशसभाको बैठकमा प्रदेशको नामकरण र राजधानी टुङ्गो लगाउने प्रक्रियाको कार्यसूचीबारे सदनलाई जानकारी गराइने बताउनुभयो।

सभामुख यादवले कार्यसूचीबारे सदनलाई जानकारी गराएपछि फागुन २३ गते बिहान ८ बजेदेखि सदनमा नाम र राजधानीको प्रस्तावमा मतदान प्रक्रिया शुरु हुने जानकारी दिनुभयो। उहाँले प्रदेशको नामकरणका लागि चार र राजधानीका लागि तीन प्रस्ताव दर्ता भएको भन्दै सबै प्रस्तावमा छलफल गरेर दुईतिहाइ मतबाट पारित गर्ने बताउनुभयो।

प्रदेश नं २ को स्थायी राजधानीबारे सबै दल एकमत भए पनि प्रदेशको नाममा सहमति हुनसकेको छैन। प्रदेशको स्थायी राजधानी र नामकरण सर्वसम्मतरूपमा राख्न संसदीय दलबीच विवाद देखिएपछि सभामुख यादवको संयोजकत्वमा विशेष समिति गठन गरिएको थियो। सो समितिले प्रदेशको राजधानीको टुङ्गो लगाए पनि प्रदेशको नामकरण भने टुङ्गो लगाउन सकेको छैन। समितिको पहिलो बैठक शुरु भएको एक महिनाभित्र सहमति जुटाई प्रस्ताव पेश गर्न भनिएको थियो।

सत्तारूढ दल समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले प्रदेशको नामकरण 'मधेश प्रदेश' प्रस्ताव गरेका छन् भने प्रमुख विपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले 'जानकी' र नेपाली काँग्रेसले 'मिथिला(भोजपुरा' प्रस्ताव गरेका छन्। प्रदेशको नामकरणबारे सहमति जुटाउन पटक(पटक बसेको समितिको बैठकमा सत्तारूढ दल मधेश प्रदेशबाट पछि हट्न तयार भएन भने विपक्षी दल पनि आफ्ना अडानबाट पछि हट्न तयार नभएपछि सहमति जुट्न नसकेको हो।

मधेश जोड्दै नेकपाले जानकी(मधेश र काँग्रेसले मिथिला(मधेश नामकरण गर्न सत्तारूढ दललाई सुझाएका थिए। प्रदेश नं २ मा सत्तारूढ दल समाजवादी पार्टीको ३० र राजपा नेपालको २५ सदस्य छन् भने प्रमुख विपक्षी दल नेकपाका ३२, काँग्रेसको १९ र रिजवान अन्सारी नेतृत्वको सङ्घीय समाजवादी फोरमका एक सदस्य प्रदेशसभामा छन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# सन्दर्भ मलेठ घटना : मानवताको खिल्ली उडाइएको थियो भने दमन र शोषणको पुष्ठपोषक बनेका थिए



**अमरनाथ मण्डल**

मधेशको अधिकार सुनिश्चितको लागि मधेशी मोर्चा नेतृत्वमा संचालन महान मधेश आन्दोलनको उचाईमा पुगिरहेको बेला अधिकारबाट बञ्चित मधेश र मधेशी, आदिवासी, मुस्लिम, जनजाति, दलितहरुले वर्षौंदेखि पिडाको शिकार भोग्दै आएको अवस्था र सन्दर्भमा विश्वको इतिहासिक ६ महिनासम्म चलेका महान मधेश आन्दोलनमा सयौंले शहादत दिएका भने हजारौं मधेशी आन्दोलनकारीहरु घाइते भएका थिए। आन्दोलनको केही क्रममा मधेशी जुझारु आन्दोलनकारीहरु अहिले पनि मुद्दा खेपिरहेका छन भने कतिपयले जेल जीवनको यातना भोगि रहेका छन्।

मधेश आन्दोलनको सन्दर्भमा नै बिना मौसमको बजा बजाउने प्रधानमन्त्रीको शान्ति अभियान संचालन गरी मधेशमा आन्दोलनको मम्र र भावना विपरीत आन्दोलन शान्त पार्नको लागि अभियानको स्वरुपमा संचालन गरेका तत्कालिन नेकपा एमाले र हाल नेकपाका नेताहरु र प्रधानमन्त्री स्वयम्ले मधेश छिर्ने आन्दोलनको बेला आगोमा घ्यू हाल्ने प्रयासले झन मधेशको आन्दोलन चर्कियो जसको फलस्वरुप सप्तरीमा प्रधानमन्त्री लगायतका ऱ्यालीमा सहभागिता हुन आइरहेका टोलीहरुलाई मधेशी मोर्चा सप्तरीले बारम्बार ऱ्याली रोक्न सप्तरीमा ऱ्याली नगर्न आग्रह गर्दा पनि अटेर गरी २०७३ फागुन २३ गते सप्तरीको मलेठको औद्योगिक क्षेत्र सभाको आयोजना गऱ्यो।

मधेश आन्दोलनले पाइरहेको उचाई र संविधानमा मधेशीको अधिकार पूर्णरुपमा सुनिश्चित नभएको सन्दर्भमा चलिरहेको आन्दोलन संविधान संशोधन, मधेशको अधिकार, नागरिकता समस्या, मधेश प्रदेश जस्ता सवालहरुको मुल मुद्दासाथ चलिरहेको महान मधेश आन्दोलनले सप्तरीमा एउटा विकराल रुप सिर्जना गरेका थिए। मधेशमा दिनहुँ भइरहेको हत्या मधेशी जनताप्रतिको क्रुर र दमन तथा यातना थप्दै थिए भने मधेशका आन्दोलनकारीहरुलाई गोली हानी हत्या गरिरहेको बेला नरसंहार गरिरहेका बेला मधेशी जनताहरु आक्रोशित थिए। त्यसबेला मानसिकता नबुझ्नु अवस्थाले लिएर प्रधानमन्त्री केपी ओलीको टोली सप्तरी आईपुग्दा ६ जना मधेशी जनतालाई निर्ममतापूर्वक हत्याको क्रुर नरसंहारको शिलशिला चल्यो। दुई दर्जनभन्दा बढी मधेशी आन्दोलनकारीहरु घाइते भइ जसको परिणाम मलेठको घटनाले मधेशलाई झन तातो बनायो।

मलेठ घटनाको सन्दर्भमा विभिन्न किसिमका छानविन समितिहरु सरकारी पक्षबाट गठन भयो भने सो छानविन समितिहरु शासकवर्गहरुलाई दोषीको भाग्यदारी बनाई अहिले मधेश आन्दोलनको जनादेश पाएर समाजवादी र राजपाको सरकार प्रदेशमा रहेका छन भने संघीय सरकारमा राजपा र समाजवादीले सम्मानजनक मतको अवस्था हासिल गर्न सफल भए। तर शहादत भएका शहिदहरुको सपनालाई तथा मधेश आन्दोलनको जनादेशलाई मधेशी दलहरु वेवस्था गरी हिडिरहेको बेला मधेशी जनताहरु अहिले आक्रोशित बन्दै गइरहेका छन्।

खासगरी मलेठका शहिद भएका सपना मधेशलाई अधिकार प्राप्तिको सन्दर्भ रहेको थियो भने मलेठ घटनामा शहादत भोगेकाहरुको परिवारिक अवस्था र उहाँहरुको परिवारलाई मधेशी दल सम्मिलित रहेका प्रदेश २ का सरकार अहिलेसम्म कुनै प्रकारको सक्रिय चासो नदेखाएको शहिद परिवारहरुको गुनासो रहेका सन्दर्भ रहेको छ। शहिद परिवारहरुको अवस्था हेर्दाखेरी आर्थिक, सामाजिक, शैक्षिक, तथा रोजगारीको दृष्टिकोणमा प्रदेश सरकारले विभिन्न किसिमका वाचा र वचन दिएतापनि हालसम्म शहिद परिवारहरुको परिवारिक विकासको सन्दर्भ लिएर प्रदेश २ सरकारले कुनै ठोस कदम चालेको छैन।

मलेठ घटना एक जना शहिद संजन मेहताको बुवाले पानको पसल खोली आफ्नो जीवनयापन गरिरहेको सन्दर्भमा उहाँले प्रदेश सरकारले शहिद परिवारलाई एक जनालाई परिवारमा रोजगारी दिने वचन दिएतापनि हालसम्म रोजगारीको कुनै पहल नभएको गुनासो गर्छन्। त्यस्तै शहिद भएकाहरुको सम्मानमा प्रदेश सरकारबाट शहिद स्तम्भ, शहिद स्मारक हालसम्म निर्माणको अधुरो क्रममा रहेका छन् भने कतिपय मलेठ घटनामा शहादत प्राप्त गरेकाहरुको परिवारको अवस्था दायनिय बन्दै गइरहेको छ। अधिकार प्राप्तिको महान आन्दोलनको क्रममा आफ्नो ज्यानको बाजी लगाई शहादत दिएका शहिदहरुको सम्मान र स्मरणमा मधेशी दल, मधेशी नेता र प्रदेश २ सरकार सक्रियतामा कमिकमजोरी भइरहेको सन्दर्भ लिएर मधेशको बुद्धिजीविहरुको विश्लेषण रहेको छ।

कुनै पनि अधिकारको आन्दोलन लामो हुने गरेको र वर्षौं-वर्षौं चल्ने गरेको सन्दर्भमा जातिय विभेदीकरण, समानताको हक र राज्यमा बराबरको साझेदारीको लागि विश्व परिवेशमा गरिएका विभिन्न किसिमका आन्दोलनहरुमा धैर्यता र आन्दोलनलाई निरन्तरताको आवश्यकता अपरिहार्य रहन्छ।

मधेश दलहरुले देखाइरहेका सत्ता मोह, कुसी मोह, पदलुप्ताको क्रमिक आचरणहरुले गर्दा मधेशी जनताहरु, मधेशी दल र मधेशी नेताहरुलाई शंकाको घेरामा राखेका छन्। निर्वाचनको बेला मधेशका दुई प्रमुख दल तत्कालिन फोरम हाल समाजवादी र राजपा तालमेल गरी निर्वाचन लडेको सन्दर्भ लिएर मधेशी जनताहरुले आफ्नो मतको सवालमा मधेशी दललाई दान गरेका थिए भने तर अहिले आएर मधेशी दलहरुको आपसी फुट र सरकारमा सहभागिताको क्रमिक प्रतिक्रियाहरुले मधेशी जनताहरु निराशको वातावरणमा पुगेका छन्।

मधेशका मुल एजेन्डा तथा मधेशका शहिदहरुको सपना संविधान संशोधन र मधेशको अधिकार रहेकोले उनीहरुको मर्म भावना विपरीत गुट, उप-गुटमा विघटन भई फुट्ने गरेको सन्दर्भ र मधेशको मर्म भावना विपरीत सरकारमा सहभागिता हुनेले शहिदहरुको सम्मानमा अघात पुगेका छन्। त्यसैकारण फागुन २३ को त्यो क्षणका स्मरण गर्दै मलेठ घटनाको काल खण्डलाई खस्मरण गर्दै मधेशी दल, मधेशवादी नेताहरु एकरुपता भई मधेश आन्दोलन दिएका जनादेशहरुको सम्मान गर्नुपर्ने नै मलेठ घटनामा शहादत भएकाहरुको प्रतिको सच्चा श्रद्धाञ्जली हुने छ।

# "दिउँसै झप् झप्, कोकले अप"

**दैनिक समाचारदाता**
**काठमाडौं, २० फागुन।**

कोका-कोला नेपालले किशोर/किशोरी र युवाहरुलाई दिउँसको आलस्यपन भगाउन र कुनै पनि विशेष क्षण तथा अवसरहरुलाई नछुटाउन् भन्ने उद्देश्यले नयाँ क्याम्पेन ल्याएको छ।




यो नयाँ क्याम्पेनको ट्यागलाइन "दिउँसै झप् झप्, कोकले अप" रहेको छ, अर्थात यदि तपाईंलाई दिउँस निन्द्राले झप् झ्प बनायो भने कोकले तपाईंको मुड र इनर्जीलाई बुस्ट गराउछ।

क्याम्पेनको एक हिस्साको रुपमा कोका-कोला नेपालले अभिनेत्री स्वस्तिमा खड्का र गायक नितेश जङ्ग कुँवरलाई फीचर गरेर नयाँ टिभीसी सार्वजनिक गरेको छ। मध्य दिउँसको सुस्ताका कारण निन्द्रा लागेको महसुस गरिरहेकी स्वस्तिमाले कोका-कोला अर्डर गर्दै टिभीसी शुरु हुन्छ।

उनी झप् झप् भएर निदाउँदा उनका क्रश (नितेश) आएका हुन्छन् र उनीले नितेशसँग भेट्ने विशेष अवसर छुटाउछिन्। जब उनीले चिसो कोका-कोला पिउछिन्, त्यसपछि तुरुन्तै उनको इनर्जी कोका-कोलाको रिफ्रेसिङ्ग स्वादबाट अपलिफ्ट हुन्छ। त्यसपछि उनी दौउडिदै ऊंघी रहेका नितेश भएको ठाँउमा जान्छिन् र चिसो कोक नितेशको गालामा लगाइदिन्छन् र नितेश पनि उठ्छन्।

यस क्याम्पेनका बारेमा कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भन्नुभयो, "यो नयाँ क्याम्पेनका मार्फत कोका-कोलाले उपभोक्ताहरुलाई कोक खाएर आफ्नो दिउँसलाई अपलिफ्ट गर्न प्रत्सोहान गर्दछ। हामी उपभोक्तालाई उनीहरुको पुरा दिन उत्तम रहोस् र दिउँसको सुस्ताका कारण कुनै क्षणहरु नगुमाउन भन्ने चाहन्छौं।"

बोटलर्स नेपालका प्रबन्ध निर्देशक प्रदीप पाण्डेले भन्नुभयो, "दिनभर हाम्रो दैनिक तालिका सुस्त भइरहेको हुन्छ र इनर्जीको स्तर कायम गर्नु नै आफैमा एउटा कार्य हुन सक्छ। यो नयाँ क्याम्पेन भनेको कोका-कोला खाएर दिउँसको झप् झ्पलाई भगाएर रिफ्रेस हुँदै आफ्नो क्रियाकलाप जारी राख्नु हो। यसले मेरो लागि काम गर्दछ र हाम्रा उपभोक्ताहरुलाई पनि यो प्रयास गर्न आग्रह गर्दछु।"

कोका-कोला कम्पनी नेपालले यो क्याम्पेनभरि कोक पारखीहरुका लागि थुप्रै सर्प्रइजहरु तयार पारेको छ। क्याम्पेन सम्बन्धी सबै पछिल्ला जानकारीहरुका लागि तपाईंले कोका-कोला नेपालको फेसबुक र इन्स्टाग्राम पेज @cocacolanepal लाइक र फलो गर्नुपर्नेछ।

# मोह बढ्दै छ कैदीबन्दीको अध्ययनमा

काठमाडौं, २० फागुन (रासस)।
सबैभन्दा ठूलो केन्द्रीय कारागार जगन्नाथदेवलका कैदीबन्दीको अध्ययनमा मोह बढ्दै गएको छ। ४२ रोपनी क्षेत्रफलमा रहेको सो कारागारभित्र हाल ६५० बन्दी अध्ययनरत छन्। त्यहाँ तीन विद्यालय सञ्चालनमा रहेका छन्। भद्र कारागारमा बन्दी आधारभूत विद्यालय, महिला कारागारमा महिला बन्दी विकास आधारभूत विद्यालय र केन्द्र कारागारमा जगन्नाथ मावि रहेको छ। ती मध्ये बन्दी आधारभूत विद्यालयमा कक्षा १ देखि ८, महिला बन्दी विकास आधारभूत विद्यालयमा कक्षा १ देखि ५ र जगन्नाथ माविमा कक्षा १ देखि १२ सम्मको अध्ययन हुँदै आएको छ।

सरकारले तोकेको पाठ्यपुस्तक पढाइ हुने जगन्नाथ माविमा ३२५, बन्दी आधारभूत विद्यालयमा २६३ र महिला बन्दी विकास आधारभूत विद्यालयमा ६२ विद्यार्थी अध्ययनरत छन्। विसं १९७१ मा नेपालको सबैभन्दा पुरानो कारागारका रुपमा स्थापना भएको केन्द्रीय कारागारमा २०१९ सालमा पहिलोपटक कैदीबन्दीलाई शिक्षा प्रदान गर्न जगन्नाथ मावि स्थापना भएको थियो।

यस्तै महिला बन्दी विकास आधारभूत विद्यालय २०५७ सालमा स्थापना भएको बताइन्छ। कैदीबन्दीलाई पढाउने शिक्षक पनि कैदीबन्दी नै हुने भए पनि पढाउने शिक्षकको तलब काठमाडौँ महानगरपालिका शिक्षा विभागले प्रदान गर्दै आएको छ। कैदीबन्दीलाई पढाउने शिक्षकलाई पढाएबापत पाउने तलबका अतिरिक्त एक वर्ष पढाएबापत दुई महिना बराबरको कैद सजाय माफी हुने प्रावधान रहेको छ।

अदालतबाट मुद्दा फैसला भई कारागार सजाय भोगिरहेकालाई 'कैदी' र अदालतमा मुद्दा चलिरहेका तर फैसला नभई कारागार सजाय भोगिरहेकालाई 'बन्दी' भनिन्छ। नेपालमा कारागारको व्यवस्था विसं १९७१ बाट सुरु भएको हो। नेपालको पहिलो कारागार 'सदरजेल' हाल केन्द्रीय कारागार जगन्नाथदेवल हो। कक्षा १२ भन्दा माथिल्लो तह अध्ययन चाहने कैदीबन्दीलाई कारागारमा अध्ययन पाउने व्यवस्था छैन।

केन्द्रीय कारागारका प्रमुख एवम् जेलर लक्ष्मीप्रसाद बाँस्कोटा कक्षा १२ भन्दा माथिल्लो तह अध्ययन विद्यार्थीलाई कारागारभित्रै परीक्षा दिने व्यवस्था मिलाएको जानकारी दिनुभयो। "कक्षा १२ भन्दा माथिल्लो तह पढ्ने विद्यार्थी कारागारमा आफैं पढ्नुपर्छ, परीक्षाको व्यवस्था कारागारले मिलाउँदै आएको छ", उहाँ भन्नुहुन्छ। कारागार व्यवस्था विभागले गरेको अध्ययनअनुसार केन्द्रीय कारागारको एक हजार ४०० कैदीबन्दी अट्ने क्षमता हो। जेलर बाँस्कोटा केन्द्रीय कारागारमा क्षमताभन्दा ज्यादै धेरै कैदीबन्दी रहेको बताउनुहुन्छ। केन्द्रीय कारागारमा हाल ११ नाबालकसहित तीन हजार ३०८ कैदीबन्दी रहेका छन्।

देशभरका कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी भइरहँदा सरकारले नुवाकोटको त्रिशूलीमा ५३९ जग्गा लिएर सात हजार कैदीबन्दी क्षमता भएको केन्द्रीय कारागार निर्माण गर्न लागेको छ। एक हजार ५०० कैदीबन्दी अट्ने चारवटा ब्लक र एक हजार क्षमता भएको एकवटा महिला ब्लक निर्माण गर्नका लागि गुरुयोजना बनाएर एकवटा भवन बन्दै गरेको छ। सरकारले पछिल्लो समय खुला कारागारको नीतिसमेत अगाडि सारेको छ। बाँकेको गनापुरमा खुला कारागार निर्माणका लागि सुरक्षा भवन र ब्यारेक तथा प्रशासनिक भवन निर्माणको कामलाई अगाडि बढाइएको छ। सरकारले कैदीबन्दीलाई हरेक दिन खानका लागि दिने सिदा रु ४५ वृद्धि गरी ६० तथा नाबालकलाई रु १० बाट ३५ पुऱ्याएको छ।

कारागार व्यवस्थापन विभागका अनुसार देशभरका ७२ जिल्लामा ७४ कारागार रहेका छन्। काठमाडौँ र डाङमा दुई/दुई कारागार रहेका छन्। भक्तपुर, बारा, धनुषा, पूर्वी नवलपरासी र पूर्वी रुकुममा कारागार छैन। हाल देशभरका ७४ वटै कारागारमा पुरुष कैदीबन्दी रहेका छन्। ५३ कारागारमा मात्र महिला कैदीबन्दी छन्। यस्तै भक्तपुर, कास्की, विराटनगर, मकवानपुर, पर्सा, रुपन्देही, बाँके र डोटीमा भने बालसुधार केन्द्रहरु सञ्चालनमा रहेका छन्। विभागका अनुसार हाल देशभर २५ हजारभन्दा धेरै कैदीबन्दी रहेका छन्। देशभर कारागारको क्षमता भने १५ हजार ४६६ हो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### कोरोना भाइरसको औषधि तयार हुन ६/७ महिना लाग्छ : अमेरिका

वासिङ्टन डी.सी., २० फागुन (रासस/एएनआई)।
अमेरिकी उपराष्ट्रपति माइक पेन्सले प्राणघातक कोरोना भाइरसको उपचारको औषधि आगामी अगष्ट वा सेप्टेम्बर महिनासम्ममा उपलब्ध हुन सक्ने बताउनुभएको छ।

"यसको खोप यस वर्षको अन्तसम्म वा अर्को वर्ष मात्र तयार हुनेछ, तर कोरोना भाइरस हुने मानिसलाई राहत प्रदान गर्ने चिकित्सा सेवा आगामी अगष्ट वा सेप्टेम्बरसम्ममा उपलब्ध हुनेछ," उपराष्ट्रपति पेन्सले बताउनुभयो।

अमेरिकी औषधि कम्पनीले नयाँ कोरोना भाइरसको उपचारका औषधि र खोप विकास गर्न एकअर्कासँग सूचना आदानप्रदानसहित संयुक्त प्रयास गरिरहेको बताइएको छ।

उपराष्ट्रपति पेन्सले नयाँ कोरोना भाइरसको खोपको क्लिनिकल परीक्षण छ सातादेखि आरम्भ हुने बताउनुभयो।

कोरोना भाइरस सङ्क्रमित चार अमेरिकी नागरिकको सोमबार मृत्यु भएको थियो, र योसहित कूल मृत्यु हुनेको सङ्ख्या बढेर छ जना पुगेको छ। अमेरिकामा भाइरल सङ्क्रमित व्यक्तिको सङ्ख्या १०० पुगिसकेको छ।

सोमबारसम्म यस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ३,००० नाघि सकेको छ। यीमध्ये अधिकांश व्यक्ति चीनका रहेका छन्। यद्यपि अन्य मुलुकमा नयाँ सङ्क्रमण दर चीनमा भन्दा १० गुणा बढी रहेको देखिएको संयुक्त राष्ट्र विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। विश्वभर हाल करिब ८८ हजार ९४८ जना कोरोना सङ्क्रमित छन्।

अमेरिकाको फ्लोरिडा र वासिङ्टन राज्यमा सार्वजनिक स्वास्थ्य आपतकालीन स्थिति घोषणा गरिएको छ।

### कोरोना भाइरसका कारण तीन हजार एक सयको मृत्यु

बेइजिङ, २० फागुन (रासस/एएफपी)।
कोरोना भाइरस सङ्क्रमणका कारण विश्वभरि मृत्यु हुने मानिसको सङ्ख्या तीन हजार १०० नाघेको मङ्गलबार जनाइएको छ।

गत डिसेम्बर महिनाको अन्त्यबाट चीनको हुबेई प्रान्तको उहान शहरबाट फैलिएको यस भाइरसको सङ्क्रमण हाल ६० भन्दाबढी देशमा फैलिएको छ।

यस भाइरसका कारण विश्वभरी कम्तीमा ९० हजार जनामा सङ्क्रमण भएको पुष्टि भएको छ। उता संयुक्त राज्य अमेरिकामा कोरोना भाइरसबाट छ जनाको मृत्यु भएको छ।

यस प्राणघातक कोरोना भाइरसको सङ्क्रमण विश्वका विभिन्न देशमा फैलिइरहेका बेला अमेरिकामा पनि छ जनाको ज्यान गएको अधिकारीको भनाइ छ।

### इरानबाट क्यानाडा पुगेका यात्रुलाई अगल बस्न आग्रह

ओटावा, २० फागुन (रासस/एएफपी)।
कोरोना भाइरस महामारीले ग्रस्त देशमध्ये इरानबाट आएका यात्रुलाई क्यानाडाले घरमा अलग बस्न आग्रह गरेको छ।

स्वास्थ्य अधिकारीले क्यानाडालीलाई इरान र इटालीको उत्तरी क्षेत्रमा कुनै अनावश्यक यात्रा गर्नबाट जोगिन आग्रह गरेका छन्। चीन कोरोना भाइरसको सङ्क्रमणको प्रमुख केन्द्रका रूपमा देखा परेको छ।

यस कोरोना भाइरसबाट इरानमा ६६ व्यक्तिको मृत्यु भएको सरकारी अधिकारीले पुष्टि गरेका छन्। यस कोरोना भाइरसबाट इरानमा एक हजार ५०० भन्दाबढी सङ्क्रमित भएका पनि पुष्टि भएको छ।

क्यानाडाका धेरैजसो घटना इरानको प्रकोपसँग जोडिएको क्यानाडाका प्रमुख चिकित्सा अधिकारी थेरेसा टमले पत्रकारलाई बताउनुभएको छ।

क्यानाडामा सोमबार साँझसम्म २७ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको पनि ती अधिकारीले जानकारी दिएका थिए।

# विभागिय टिमको वर्चश्वसँगै राष्ट्रिय व्यापी जुडो प्रतियोगिता सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**
राजविराजस्थित राजरंगशालामा संचालित स्व. लोकेन्द्र श्रेष्ठ स्मृती सातौं राष्ट्रिय जुडो प्रतियोगितामा विभागिय टिमको वर्चश्वसँगै मंगलबार सम्पन्न भएको छ ।

जिल्ला जुडो संघ सप्तरीको आयोजना तथा नेपाल जुडो संघको प्राविधिक सहयोगमा संचालित प्रतियोगितामा ९ स्वर्ण जित्दै नेपाल प्रहरी प्रथम भएको छ भने ५ स्वर्ण जितेर नेपाली सेना दोश्रो र २ रजत हात पार्दै बाँके तृतीय भएको छ ।

नेपाल जुडो संघका उपाध्यक्ष पियुस श्रेष्ठको अध्यक्षतामा आयोजित समापन तथा पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि युवा तथा खेलकुद मन्त्री जगत बहादुर विश्वकर्मा, प्रतिनिधि सभा सदस्य सरिता गिरी, प्रदेश सभा सदस्यद्वय मनिष सुमन, गोबिन्द न्यौपाने, नेपाल जुडो संघका अध्यक्ष दिपकहर्ष बज्राचार्य, नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादव, जिल्ला जुडो संघका महासचिव नवनित झा लगायतले बिजेता खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गरे ।

सो अवसरमा युवा तथा खेलकुद मन्त्री विश्वकर्मालाई १३ औं दक्षिण ऐसियाली खेलकुदको सफल आयोजना तथा नेपाललाई एतिहासिक सफलता दिलाउन योगदान पुऱ्याए वापत आयोजकका तर्फबाट कदरपत्र तथा दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

दुई दिनसम्म चलेको प्रतियोगितामा तीन विभागिय टिम नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीसहित विभिन्न जिल्लाका गरि २५ टिमको सहभागिता रहेको थियो ।

# स्वास्थ्य चौकी अन्यत्र सार्न खोजिएको भन्दै स्थानियको बिरोध

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**
सप्तरीको महदेवा गाउँपालिका १ स्थित पकरी माबि कै छेउमा रहेको स्वास्थ्य चौकीलाई अन्यत्र सार्न खोजेको भन्दै स्थानियहरूले बिरोध जनाएका छन् ।

विगतदेखि नै पकरी उच्च मा.वि. स्थित रहेको चौकीलाई चिमटी सार्न खोजिएको भन्दै स्थानियहरूले बिरोध जनाएका हुन् ।

पकरीमा रहेको स्वास्थ चौकीलाई गाउँपालिकाका अध्यक्ष दिपक कुमार यादवले स्वास्थ्य चौकी चिमटी चौकमा सार्न लागेको भन्दै बिरोध जनाएको सघर्ष समितिका संयोजक ललित नारायण यादबले बताएका छन ।

स्वास्थ्य चौकीको लागी साढे ३ का सार्वजनिक जग्गामा ४ कोठ्ठे फाउण्डेशन समेत निर्माण भई सकेको अवस्थामा गाउपालिका अध्यक्ष दिपक यादब, वडा अध्यक्षको चलखेलको कारण सो ठाउँमा स्वास्थ्य चौकी नबनाएर अन्य ठाउँमा सार्न लगाएको संयोजक यादवको आरोप छ ।

संयोजक यादबले मागलाई सम्बोधन गरिएन भने वडा कार्यालय र गाउँपालिकाका कार्यालयमा समेत धर्ना, तालाबन्दी लगायतको कार्यक्रम अघि बढाउने चेतावनी समेत दिएका छन ।

## सातै प्रदेशमा ...

मंगलबार आयोजित समापन तथा पुरस्कार बितरण समारोहलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले वर्तमान सरकारले खेलकुदको विकासका लागि गाउँ गाउँमा खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताउँदै ७ सय ५३ नगर र गाउँपालिकामा १/१ खेलग्राम तथा एक वडा एक खेल मैदानलगायतका कार्यक्रम मार्फत खेलकुदको योजना बनाएको जानकारी दिए ।

देशका लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि सरकारले खेल क्षेत्रको विकासका लागि पूर्वाधार नै पहिलो आवश्यकता रहेकोमा जोड दिँदै सरकार सोही अनुसार अघि बढेको जिकिर गरे ।

उनले राजविराजस्थित जिर्ण रहेको राजरंगशालाको पनि छिट्टै मर्मत सम्भार गरिने प्रतिबद्धता समेत जनाए । उनले राजविराज नगरपालिका, प्रदेश सरकार र संघीय सरकार गरि तीनवटै तहका सरकार मिलेर चाडै राजरंगशालाको जिर्णोद्वार गरिने प्रतिबद्धता व्यक्त गरे ।

# संघीय सरकारले पुरानै मानसिकतालाई महत्व दियो : मुख्यमन्त्री राउत

जनकपुरधाम, २० फागुन (रासस) ।
प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले जनकपुरधामलाई राजधानी, पहिचान, विशिष्टता र आवश्यकतालाई ध्यानमा राखी दूरगामी सोच निर्धारण गर्नुपर्ने औँल्याउनुभएको छ । जनकपुरधाम उपमहानगरपालिकाद्वारा मंगलबार यहाँ आयोजित 'जनकपुरधाम सन् २०४० : दूरगामी सोच निर्धारण तथा समावेशी आर्थिक योजना तर्जुमा गोष्ठी'को शुभारम्भ गर्दै उहाँले जनकपुरधामलाई सांस्कृतिक, व्यावसायिक, शैक्षिक तथा स्वास्थ्य शहरका रूपमा विकास गर्न गहन रूपले चिन्तन मनन गर्नुपर्दछ भन्नुभयो ।

जनकपुरधाम माता जानकीको जन्मस्थल तथा विद्वान्को भूमि भएकाले सबै तथ्यलाई ध्यानमा राख्दै संसारलाई चिनाउने किसिमले दूरगामी सोच निर्धारण आवश्यक रहेको मुख्यमन्त्री राउतले बताउनुभयो । प्रदेश सरकार जनकपुरधामको विकास गर्ने सन्दर्भमा हरेक किसिमले तयार रहेको पनि उहाँले जानकारी दिनुभयो ।



मुख्यमन्त्री राउतले सङ्घीय सरकारले वीरगञ्ज चिनी कारखानाको जग्गा बेच्दै गर्नु प्रादेशिक सरकारको अधिकारमाथि हमला भएको र सार्वजनिक जग्गा प्रदेश सरकारलाई हस्तान्तरण नगरी सङ्घीय सरकार पुरानै मानसिकतालाई महत्व दिइरहेको आरोप लगाउनुभयो । उहाँले 'सङ्घीय सरकारले पठाएका सचिवहरूले प्रदेशमा काम हुन नदिने मानसिकता बोकेका कारण' प्रदेशमा विकासले गति लिन नसकेको र आगामी दिनमा प्रदेश सरकार सङ्घविरुद्ध आन्दोलनमा समेत जान सक्छ भन्नुभयो ।

उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको अध्यक्षतामा भएको समारोहमा नेपाल शहरी उत्थानशील परियोजनाका सल्लाहकार कृष्ण ज्ञवालीले सन् २०२० पछि जनकपुरधाम कस्तो हुने सोच प्रस्तुत गर्नुभयो । कार्यशाला बुधबारसम्म चल्नेछ ।

## हात्ति आतंक ...

बहादुर तामाङको बगैचामा पसेर आँपको हाँगा भाँचेर एक लाख बढी मुल्य बराबरको क्षति भएको पीडितको भनाई छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट निस्केको हात्तीले ठूलो जनधनकोको क्षति गर्दा समेत नियन्त्रणप्रती कसैले चासो नदिएको हात्ती पीडितहरुको गुनासो छ ।

जिल्लाको सप्तकोशी, कंचनरुप नगरपालिका, अग्निसाइरकृष्णा सवरण, रुपनी गाउँपालिका तथा शम्भुनाथ नगरपालिका लगायतमा हात्तीले दैनिक आंतङ्क मचाउदै आएको छ ।

यता कोशी टप्पु बन्यजन्तु क्षेत्रबाट आउने जंगली हात्तिले उत्पात मचाउन र ज्यानै लिन थालेपछि स्थानीयले अविलम्ब हात्ति नियन्त्रणका लागि ठोस कदम चाल्न माँग गरेका छन् ।


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*